परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २८६ पृष्ठ ४ २०८३ साउन २० गते बुधबार 5 August, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




सडक

# मनसुन कमजोर हुँदा महोत्तरीमा २५ प्रतिशत क्षेत्रमा धान रोपाइँ हुन सकेन

टक नेपाल

पर्याप्त मनसुनी वर्षा नहुँदा महोत्तरीमा यस वर्ष पनि धान रोपाइँले अपेक्षित गति लिन सकेको छैन। लामो खडेरीपछि सोमबार बिहान केही वर्षा भए पनि त्यो धान खेतीका लागि पर्याप्त नभएको किसानको भनाइ छ।

कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार जिल्लामा रहेको ४० हजार हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये आइतबारसम्म ३० हजार हेक्टर अर्थात् ७४.७७ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ सम्पन्न भएको छ। बाँकी करिब १० हजार हेक्टर क्षेत्रमा अझै रोपाइँ हुन सकेको छैन। गत वर्ष पनि वर्षा अभावकै कारण महोत्तरीको २४.६६ प्रतिशत जमिन बाँझै रहेको थियो। यस वर्ष पनि मौसम अनुकूल नहुँदा उस्तै अवस्था दोहोरिने सङ्केत देखिएको कृषकले बताएका छन्। समयमै रोपाइँ हुन नसके उत्पादन घट्ने, उत्पादन लागत बढ्ने तथा खाद्य सुरक्षामा समेत चुनौती थपिने जस्ता जोखिम बढ्ने कृषि ज्ञान केन्द्रले जनाएको छ।



किसानका अनुसार हालसम्म भएको अधिकांश रोपाइँ महँगो बोरिङको पानी प्रयोग गरेर गरिएको हो। गत वर्षदेखि पर्याप्त वर्षा नहुँदा दक्षिणी भेगका इनार तथा सिँचाइका बोरिङमा पानीको सतह तल झरेको छ। चुरेक्षेत्रबाट बग्ने खोलामा पनि सामान्य बाढी मात्र आएकाले दक्षिणी भेगसम्म पुग्न नसकी बिचमै सुक्ने गरेको छ। त्यसको प्रत्यक्ष असर कुलो तथा प्राकृतिक सिँचाइ प्रणालीमा परेको छ। जसका कारण साउन आधा बितिसक्दा पनि खेत बाँझै देखिएका छन्।

कृषि ज्ञान केन्द्र प्रमुख देवानन्द रायका अनुसार अहिले बासमती, कमोद, सोना मनसुली र हरिनकेर जस्ता मङ्सिरे धान रोप्ने मुख्य समय हो। साउनको अन्तिम सातादेखि खाउर धानको रोपाइँ सुरु हुने भए पनि खेतमा पर्याप्त पानी नहुँदा किसान थप समस्यामा छन्। उहाँका अनुसार सोमबारको वर्षाले केही राहत दिए पनि नयाँ रोपाइँ अघि बढाउन पर्याप्त पानी उपलब्ध गराउन सकेको छैन। पर्याप्त वर्षा नहुँदा जिल्लामा स्थानीय तह अनुसार रोपाइँको अवस्था पनि फरक फरक रहेको छ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी अविरल कुमार कुशवाहका अनुसार सबैभन्दा बढी भङ्गाहा-सीतापुर क्षेत्रमा करिब ४,५०० हेक्टरमा रोपाइँ भएको छ भने सबैभन्दा कम मनरासिसवा नगरपालिकामा ६३५ हेक्टर अर्थात् करिब २५ प्रतिशत क्षेत्रमा मात्र रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। बर्दीबासमा २,१०० हेक्टर, औरहीमा १,९९७ हेक्टर र गौशालामा १,५४० हेक्टर क्षेत्रमा मात्र रोपाइँ भएको छ।

सीमावर्ती सम्सी गाउँपालिका-१, पर्सादिवाडका युवा कृषक अरुण यादवका अनुसार पर्याप्त वर्षा नहुँदा अधिकांश आर्टिजन बोरिङ सुकिसकेका छन्। खोलानालामा पनि पानी नहुँदा किसानले खेतमा रोपाइँ गर्न सकेका छैनन्। उहाँका अनुसार वर्षा अभावले कृषिक्षेत्र मात्र नभई किसानको आयआर्जन र जिल्लाको धान उत्पादनमा समेत गम्भीर असर पर्ने देखिएको छ। यादवले भन्नुभयो, “केही दिनभित्र पर्याप्त मनसुनी वर्षा नभए महोत्तरीका हजारौँ किसान आर्थिक रूपमा थप सङ्कटमा पर्ने देखिएको छ। जिल्लाको समग्र धान उत्पादनमा उल्लेख्य गिरावट आउन सक्छ।”

# महोत्तरीमा स्कुल बस दुर्घटना, चालकसहित ६ जना घाइते

टक नेपाल

महोत्तरीको गौशाला नगरपालिका-९, डुमरवाना स्थित भित्री सडकमा स्कुल बस दुर्घटना हुँदा चालकसहित ६ जना घाइते भएका छन्।

मङ्गलबार बिहान ७:३० बजे मोर्डन शारदा शिक्षा सदन बोर्डिङ स्कुलको बा १ क ६१२९ नम्बरको बस इमली बजारबाट गौशालातर्फ जाँदै गर्दा अनियन्त्रित भई उखुबारीमा पल्टिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले जानकारी दिनुभयो।

दुर्घटनामा बस चालकसहित गौशाला नगरपालिका-५ का ४० वर्षीय विजय भुजेल, गौशाला नगरपालिका-११ का १० वर्षीय प्रतीक कुशवाहा, ८ वर्षीय प्रज्ज्वल कुशवाहा, १३ वर्षीया प्रिती कुशवाहा, गौशाला नगरपालिका-९ का १३ वर्षीय उमर शेख र गौशाला नगरपालिका-११ का ६ वर्षीय आदर्श कुशवाहा घाइते हुनुभएको छ।

घाइतेमध्ये अधिकांशको खुट्टा, नाक, कम्मर लगायतका ठाउँमा चोट लागेको प्रहरीले जनाएको छ। घाइतेमध्ये भुजेल र शेखलाई उपचारका लागि बीके अस्पताल गौशाला पठाइएको छ भने अन्य चार जनाको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक गोलेले बताउनुभयो।

घटनाको जानकारी पाएलगत्तै प्रहरी चौकी कान्तिबजारबाट खटिएको प्रहरी टोली र स्थानीयवासीले घाइतेलाई उद्धार गरी उपचारका लागि अस्पताल पुऱ्याएका थिए।

विज्ञापन गानुपेमा
९८६३३२१०१४
९८०८७८२११४






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### अनलाइन हिंसाका समाधान

सामाजिक सञ्जालले नागरिकलाई विचार अभिव्यक्ति, सूचना आदानप्रदान र सार्वजनिक बहसमा सहभागी हुने अभूतपूर्व अवसर दिएको छ। तर यही डिजिटल माध्यम महिलामाथि हुने लैङ्गिक हिंसा, ट्रोलिङ, चरित्रहत्या, धम्की र साइबर दुर्व्यवहारको प्रमुख थलो बन्दै जानु गम्भीर चिन्ताको विषय हो। सार्वजनिक जीवनमा सक्रिय महिला राजनीतिज्ञ, पत्रकार, कलाकार र अभियन्ताले आफ्नो कामभन्दा बढी व्यक्तिगत जीवन, रूपरङ, पहिरन वा लैङ्गिक पहिचानमाथि केन्द्रित आक्रमण सहन बाध्य हुनु लोकतान्त्रिक मूल्यविपरीत हो ।

स्वस्थ आलोचनाले व्यक्तिको विचार, नीति र कार्यसम्पादनको मूल्याङ्कन गर्छ, तर लैङ्गिक ट्रोलिङको उद्देश्य महिलाको आत्मविश्वास कमजोर बनाउँदै सार्वजनिक जीवनबाट पछि हट्न बाध्य पार्नु हुन्छ। यस्तो प्रवृत्तिले अभिव्यक्ति स्वतन्त्रता, समान सहभागिता र लैङ्गिक समानतामाथि प्रत्यक्ष असर पारिरहेको छ । डिजिटल प्लेटफर्ममा फैलिने घृणायुक्त सामग्रीले मानसिक स्वास्थ्य, सामाजिक प्रतिष्ठा र व्यावसायिक जीवनमा समेत दीर्घकालीन नकारात्मक प्रभाव पार्छ ।

यस समस्याको समाधान कानुनी कारबाहीमा मात्र सीमित हुन सक्दैन। साइबर अपराधसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन, सामाजिक सञ्जाल कम्पनीको जवाफदेहिता, डिजिटल साक्षरताको विस्तार र पीडितमैत्री उजुरी प्रणाली आवश्यक छ साथै, सञ्चार माध्यम, शैक्षिक संस्था र नागरिक समाजले सम्मानजनक डिजिटल संस्कृतिको विकासमा सक्रिय भूमिका खेल्नुपर्छ।

लोकतन्त्रको सार सबै नागरिकले भयमुक्त रूपमा आफ्ना विचार राख्न पाउनु हो। महिलालाई अपमान, धम्की र ट्रोलिङको डरबिना सार्वजनिक जीवनमा सहभागी हुने वातावरण सुनिश्चित गर्न सके मात्र डिजिटल माध्यम वास्तवमै समावेशी र उत्तरदायी बन्न सक्छ। त्यसैले अनलाइन लैङ्गिक हिंसाविरुद्ध सरकार, प्रविधि कम्पनी, सञ्चार माध्यम र नागरिक सबैले साझा जिम्मेवारीका साथ अघि बढ्नु आजको अपरिहार्य आवश्यकता हो ।




## महेन्द्र राजमार्ग विस्तारमा ढिलाइ
# पूर्वाधार विकास समितिको चासो

● टक नेपाल

सर्लाही, महोत्तरी र धनुषाखण्डको महेन्द्र राजमार्ग विस्तारमा ढिलाइ भइरहेकोप्रति प्रतिनिधि सभाको पूर्वाधार विकास समितिले चासो व्यक्त गरेको छ। उक्त समितिका सभापति एवं सांसद आशिष गजुरेलले निर्माणाधीन राजमार्गको निरीक्षण गर्दै निर्धारित समयमै काम सक्न निर्देशन दिनुभएको छ। विश्व बैङ्कको ऋण सहयोगमा धनुषाको कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४.७५ किलोमिटर राजमार्ग तीन वर्षभित्र एसियाली मापदण्ड अनुसार चार लेनको बनाउने गरी करार सम्झौता भएको छ।




तर डेढ वर्ष बितिसक्दा भर्खर २६ प्रतिशत मात्र काम भएको छ। अहिलेसम्म ५० प्रतिशत काम भइसक्नुपर्नेमा अति नै सुस्त गतिमा काम भएको पाइएपछि पूर्वाधार विकास समितिका सभापति गजुरेलले चासो व्यक्त गर्नुभएको हो ।

गजुरेलले महेन्द्र राजमार्ग विस्तारलाई वर्तमान सरकारले उच्च प्राथमिकतामा राखेकाले कुनै बहानाबाजी नगरी निर्धारित समयमै काम सक्न निर्माण व्यवसायी, परामर्शदाता र राजमार्ग आयोजनालाई निर्देशन दिनुभएको छ। पूर्वाधार विकास समितिका सभापति गजुरेलले समयमै काम नसक्दा आमनागरिकले यात्रा गर्दा दुःखकष्ट खेप्नुपर्ने विषयमा निर्माण व्यवसायीलाई गम्भीर ध्यानाकर्षण गराउनुभएको छ ।

यस्ता परियोजनाको सफल निर्माण सम्पन्न गर्न नसके नागरिकमा पुरानै किसिमको नैराश्य आउन सक्नेतर्फ सरकार गम्भीर रहेको गजुरेलको भनाइ छ। कमला - ढल्केबर - पथलैया सडक आयोजना (पूर्वी खण्ड) का आयोजना प्रमुख (प्रोजेक्ट म्यानेजर) राजेश कुमार दासका अनुसार अब डेढ वर्षमा राजमार्ग विस्तारको बाँकी ७५ प्रतिशत काम सक्नुपर्ने बाध्यता छ ।

उहाँका अनुसार कमलादेखि बागमतीसम्मको ७४.७५ किलोमिटर सडकमध्ये बस्ती भएको र बजार एरियामा सर्भिस लेनसहित साढे ११ किलोमिटर सडकलाई छ लेनको र बाँकी ठाउँमा चार लेनमा विकास गरिने छ। ७४.७५ किलोमिटर दुरीमा ५० वटा पुल, १०२ वटा कलभर्ट र पाँच वटा ओभरपास निर्माण गर्नुपर्ने सडक आयोजनाले जनाएको छ ।

६५ वटा कलभर्ट निर्माण सम्पन्न भइसकेका छन् भने २८ वटा पुलको सबस्ट्रक्चर निर्माणको काम सकिएका छन् । ५० प्रतिशत समय व्येतीत भइसक्दा पनि २६ प्रतिशत मात्र भौतिक प्रगति हुनुको कारण प्रतिनिधि सभाको चुनाव, मध्यपश्चिम देशमा जारी द्वन्द्वको प्रभाव, माटो उपलब्ध नहुनु, बिजुलीको पोल समयमै नसारिनु र साइड क्लियरमा ढिलाइ रहेको आयोनाका प्रमुख दासको भनाइ छ ।

लामो प्रयासपछि राजमार्ग विस्तार गर्न रुख कटानको काम भए पनि झन्झटिलो प्रक्रियाका कारण डिभिजन वन कार्यालयलाई रुख बुझाउन नसक्दा समस्या परिरहेको उहाँले गुनासो गर्नुभयो । अहिलेसम्म पनि पूर्ण रूपमा बिजुलीको पोल सार्ने काम नहुँदा हैरान भइरहेको उहाँले बताउनुभयो ।

परामर्शदाता कम्पनीका आवासीय इन्जिनियर विनोदकुमार गौतमले निर्माण सामग्रीको सहज उपलब्धता भए अझै पनि बाँकी डेढ वर्षभित्रैमा राजमार्ग विस्तारको सम्पूर्ण काम सक्ने अवस्था रहेको दाबी गर्नुभयो। राजमार्ग विस्तारको काममा सहजीकरण गरिरहेको कन्सल्टेन्ट कम्पनीका इन्जिनियर गौतमले साइड क्लियर गर्ने काममा सहयोग गरिदिन सरकारसँग आग्रह गर्नुभयो। रसुवा कन्स्ट्रक्सन कम्पनी आरसिसी ज्वाइन्ट भेन्चरका प्रतिनिधि निरञ्जन पुडासैनीले आयोजनाको काम सुरु भएको डेढ वर्ष भए पनि रुख कटान सकिएको चार महिना मात्र भएको बताउनुभयो ।

सडक आयोजनाको लट-२ मा २९ किलोमिटर सडकमध्ये २२ किलोमिटर त जङ्गल क्षेत्र पर्ने भएकाले रुख कटान नै भर्खरै भएकाले कामको प्रगति नदेखिएको पुडासैनीले दाबी गर्नुभयो । कमला-ढल्केबर-पथलैया सडक आयोजना अन्तर्गत पश्चिम खण्डमा पर्ने बागमती पुलदेखि पथलैयासम्मको करिब ५५ किलोमिटर खण्डको ठेक्का लाग्न बाँकी रहेको छ ।

# सर्लाहीमा एलपी ग्यास वितरण पारदर्शी बनाइने

● टक नेपाल

सर्लाहीमा खाना पकाउने एलपी ग्यासको अभावबारे बढ्दो गुनासोपछि यसको वितरणलाई सहज, व्यवस्थित र पारदर्शी बनाउने निर्णय गरिएको छ ।

गोरखापत्र दैनिकसहित विभिन्न सञ्चारमाध्यममा ग्यास अभावसम्बन्धी समाचार प्रकाशित भएपछि जिल्ला प्रशासन कार्यालय सर्लाहीको पहलमा सोमबार सदरमुकाम मलङ्गवामा ग्यास बिक्रेता, उद्योग वाणिज्य सङ्घ तथा सरोकारवाला निकायका प्रतिनिधिबीच छलफल भएको हो ।

छलफलले ग्यास उद्योग तथा आयातकर्ताबाट प्राप्त हुने कोटा पूर्ण रूपमा जिल्लाभित्र भित्र्याई खुद्रा बिक्रेता र उपभोक्तालाई बिना अवरोध सहज तथा पारदर्शी रूपमा वितरण गर्ने निर्णय गरेको छ ।

बैठकले ग्यासको कालोबजारी, कृत्रिम अभाव तथा अस्वाभाविक मूल्यवृद्धि रोक्न नियमित बजार अनुगमन गर्ने, अनियमितता भेटिए कानुनी कारबाही गर्ने, खुद्रा बिक्रेता तथा डिलरले मूल्यसूची र मौज्दात विवरण उपभोक्ताले स्पष्ट देख्ने स्थानमा अनिवार्य रूपमा राख्ने तथा ग्यास लिने उपभोक्ताको नाम र मोबाइल नम्बरको अभिलेख राख्ने निर्णयसमेत गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले ग्यास अभावबारे उपभोक्ताबाट गुनासो बढेपछि सरोकारवालासँग छलफल गरी वितरण प्रणालीलाई व्यवस्थित बनाउन निर्णय गरिएको जानकारी दिनुभयो ।

हाल डिलरमा ग्यास आइपुग्नेबित्तिकै उपभोक्ताको भीड लाग्ने गरेको छ। कतिपय डिलरले खाली सिलिन्डर बुझेर ग्यास उपलब्ध भएपछि जानकारी गराउने भन्दै कुपन वितरण गर्ने गरेका छन् ।



ग्यास सहज रूपमा उपलब्ध नहुँदा विद्यार्थी, भाडामा बस्ने व्यक्ति, कर्मचारी तथा सर्वसाधारण बढी प्रभावित भएका छन् ।

ग्यास बिक्रेता सङ्घ सर्लाहीका अध्यक्ष लालबाबु महतोले कम्पनीबाट पर्याप्त परिमाणमा ग्यास आपूर्ति हुन नसक्दा वितरणमा समस्या देखिएको बताउनुभयो। उहाँका अनुसार ग्यास आएलगत्तै उपभोक्तालाई वितरण गरिने भएकाले बजारमा हल्ला भएजस्तो चरम अभाव भने नरहेको दाबी गर्नुभयो। केही उपभोक्ताले एकैपटक तीन-चारवटा सिलिन्डर भरेर राख्ने प्रवृत्तिले पनि अभाव भएको जस्तो देखिएको उहाँको भनाइ छ ।



# एआई युगमा शिक्षा

● रविप्रसाद बराल ।

मानव सभ्यताको विकाससँगै शिक्षा र प्रविधि निरन्तर रूपान्तरण हुँदै आएका छन् । मौखिक परम्पराबाट सुरु भएको ज्ञानको यात्रा लेखन, मुद्रण प्रेस र इन्टरनेट हुँदै आज कृत्रिम बुद्धिमत्ता (एआई) को युगमा पुगेको छ । हामी अहिले पाँचौँ औद्योगिक क्रान्तिको युगमा छौँ, जहाँ विशेष गरी जेनेरेटिभ एआईले सिक्ने, सिकाउने, अनुसन्धान गर्ने र ज्ञान सिर्जना गर्ने प्रक्रियामा व्यापक परिवर्तन ल्याइरहेको छ । इन्टरनेट र सामाजिक सञ्जालले सुरु गरेको डिजिटल परिवर्तनलाई एआईले अझ तीव्र, प्रभावकारी र उपयोगी बनाएको छ ।

> एआईको उद्देश्य शिक्षकलाई प्रतिस्थापन गर्नु होइन, शिक्षण सिकाइलाई थप गुणस्तरीय, समावेशी र भविष्यमुखी बनाउनु हो । नेपालले डिजिटल पूर्वाधार, शिक्षकको क्षमता विकास, समयानुकूल पाठ्यक्रम, स्थानीय भाषामा डिजिटल सामग्री र एआईको नैतिक प्रयोगमा प्राथमिकता दिन सके ज्ञान, सिप र नवप्रवर्तनमा आधारित समृद्ध नेपाल निर्माणमा एआई महत्त्वपूर्ण सहयात्री बन्न सक्छ ।



रविप्रसाद बराल

एआई भनेको मानिस जस्तै सिक्न, विश्लेषण गर्न र समस्या समाधान गर्न सक्ने कम्प्युटर प्रणाली हो । च्याट जिपिटी, जेमिनी र कोपाइलट जस्ता एआई उपकरणले केही सेकेन्डमै जानकारी खोज्न, जटिल विषय बुझ्न, अनुसन्धान गर्न, भाषा अनुवाद गर्न र लेखनमा सहयोग पु-याउँछन् । सन् २०२० पछि जेनेरेटिभ एआईको विकास तीव्र बनेसँगै विश्वभरका विद्यालय र विश्वविद्यालयमा यसको प्रयोग उल्लेखनीय रूपमा बढेको छ । सन् २०२२ को नोभेम्बरमा च्याट जिपिटी सार्वजनिक भएपछि एआई शिक्षाको मुख्य बहस र अभ्यासको विषय बनेको छ ।

एआईले सूचना दिन र धेरै काम सहज बनाउन सक्छ । आलोचनात्मक सोच, सहीगलत छुट्याउने क्षमता, नैतिक निर्णय, सिर्जनशीलता, सहकार्य र मानवीय संवेदनशीलता विकास गर्ने दायित्व शिक्षाकै हो । एआईको युगमा शिक्षाको उद्देश्य केवल ज्ञान हस्तान्तरण गर्नु होइन, ज्ञानलाई विवेकपूर्ण, जिम्मेवार र सिर्जनात्मक रूपमा प्रयोग गर्न सक्ने सक्षम नागरिक तयार गर्नु हो । एआई शिक्षकको विकल्प होइन, बरु शिक्षण सिकाइलाई अझ प्रभावकारी, व्यक्तिगत र गुणस्तरीय बनाउने शक्तिशाली सहायक हो ।

## अनुसन्धानले देखाएको यथार्थ

पछिल्ला केही वर्षमा शिक्षामा एआईको प्रयोगसम्बन्धी अनुसन्धान तीव्र रूपमा बढेको छ । नेपाल र विश्वभर गरिएका अध्ययनले एआईले शिक्षण सिकाइलाई थप प्रभावकारी, विद्यार्थीकेन्द्रित र समावेशी बनाउन सक्ने देखाएका छन् । व्यक्तिगत सिकाइ, द्रुत सूचना पहुँच, अनुसन्धान सहयोग, पाठयोजना निर्माण, शिक्षण सामग्री तयारी र मूल्याङ्कन सुधारमा एआई उपयोगी साधनका रूपमा स्थापित हुँदै गएको छ । यसले शिक्षकको कार्यभार घटाउन र विद्यार्थीको सक्रिय सहभागिता बढाउन पनि सहयोग पुऱ्याउने देखिएको छ ।

नेपालको सन्दर्भमा पनि एआईप्रति सकारात्मक दृष्टिकोण विकसित हुँदै गएको छ । चापागाईं र अधिकारी (२०२४) को अध्ययनले शिक्षक र विद्यार्थी दुवैले एआईलाई शिक्षण सिकाइ सुधार गर्ने प्रभावकारी माध्यमका रूपमा स्वीकार गरेको देखाएको छ । आचार्य र बस्न्यात (२०२४) ले च्याट जिपिटीले पाठयोजना निर्माण, शिक्षण सामग्री तयारी तथा जटिल विषयलाई सरल रूपमा प्रस्तुत गर्न मह□वपूर्ण सहयोग पुऱ्याउने निष्कर्ष निकालेका छन् । उपाध्याय (२०२६) को समीक्षात्मक अध्ययनले व्यक्तिगत सिकाइ, समावेशी शिक्षा, द्रुत प्रतिक्रिया र मूल्याङ्कन सुधारमा एआईको भूमिका उल्लेखनीय रहेको देखाएको छ ।

शिक्षकको क्षमता विकास, डिजिटल पूर्वाधार विस्तार, स्पष्ट नीतिगत व्यवस्था, एआई साक्षरता र स्थानीय भाषामा गुणस्तरीय डिजिटल सामग्री विकास नगरी एआईको पूर्ण लाभ लिन सकिँदैन । अध्ययनले डेटा गोपनीयता, शैक्षिक इमानदारी, गलत सूचना, एआईमा अत्यधिक निर्भरता र एल्गोरिदमिक पक्षपात जस्ता चुनौतीप्रति पनि पर्याप्त सतर्कता अपनाउनुपर्ने आवश्यकता औँल्याएका छन् । समग्रमा अनुसन्धानको साझा निष्कर्ष के हो भने एआई शिक्षकको विकल्प होइन बरु शिक्षण सिकाइलाई अझ प्रभावकारी बनाउने एक शक्तिशाली सहायक साधन हो । यसको सफलता प्रविधिमा भन्दा पनि यसको जिम्मेवार, नैतिक र सन्तुलित प्रयोगमा निर्भर गर्छ ।

## शिक्षामा एआईका अवस

एआईले शिक्षामा ल्याएको सबैभन्दा ठुलो परिवर्तन व्यक्तिगत सिकाइ हो । परम्परागत शिक्षामा सबै विद्यार्थीलाई एउटै पाठ, एउटै विधि र एउटै गतिमा पढाइन्थ्यो । प्रत्येक विद्यार्थीको सिक्ने क्षमता, रुचि र गति फरक हुन्छ । एआईले विद्यार्थीको सिकाइको स्तर विश्लेषण गरी उसको आवश्यकता अनुसार सामग्री, अभ्यास र सुझाव उपलब्ध गराउन सक्छ । यसले सिकाइलाई अझ प्रभावकारी, विद्यार्थीमैत्री र समावेशी बनाउँछ । सिकाइमा कमजोर विद्यार्थीले अतिरिक्त सहयोग पाउन सक्छन् भने प्रतिभाशाली विद्यार्थीले आफ्नो क्षमता अनुसार थप चुनौतीपूर्ण सामग्री अध्ययन गर्ने अवसर प्राप्त गर्छन् । यसरी एआईले 'सबैका लागि एउटै शिक्षा' भन्ने अवधारणालाई 'हरेकका लागि उपयुक्त शिक्षा' मा रूपान्तरण गर्ने सम्भावना देखाएको छ ।

एआईले शिक्षकलाई पनि ठुलो सहयोग पुऱ्याउँछ । पाठयोजना तयार गर्न, शिक्षण सामग्री विकास गर्न, अभ्यास प्रश्न बनाउन, विद्यार्थीको प्रगति विश्लेषण गर्न, गृहकार्य मूल्याङ्कन गर्न र छिटो प्रतिक्रिया दिन एआई प्रभावकारी सहायक बन्न सक्छ । यसले शिक्षकको प्रशासनिक कार्यभार घटाएर विद्यार्थीसँग प्रत्यक्ष अन्तर्क्रिया, छलफल, परामर्श र गुणस्तरीय शिक्षणमा बढी समय दिन सक्ने वातावरण सिर्जना गर्छ । अनुसन्धान, प्रस्तुति तयारी र शैक्षिक स्रोत खोज्न पनि एआई उपयोगी साधन बन्दै गएको छ ।

नेपाल जस्तो भौगोलिक विविधता भएको देशका लागि एआई शिक्षामा ठुलो अवसर हो । हिमाल, पहाड र तराईका दुर्गम क्षेत्रका विद्यार्थीले डिजिटल माध्यमबाट गुणस्तरीय शैक्षिक सामग्री, विशेषज्ञ शिक्षकका व्याख्यान, भर्चुअल कक्षा तथा अन्तर्राष्ट्रिय सिकाइ स्रोतमा सहज पहुँच प्राप्त गर्न सक्छन् । यसले स्थान, समय र स्रोतको सीमालाई घटाउँदै सबै विद्यार्थीलाई समान सिकाइ अवसर उपलब्ध गराउन मद्दत पु-याउँछ ।

आवश्यक डिजिटल पूर्वाधार, भरपर्दो इन्टरनेट र उपकरणमा पहुँच विस्तार गर्न सकिए एआईले शिक्षामा रहेको भौगोलिक तथा सामाजिक असमानता कम गर्न मह□वपूर्ण भूमिका खेल्न सक्छ । व्यक्तिगत आवश्यकता अनुरूप सिकाइ, सिप विकास, शिक्षकको पेसागत क्षमता अभिवृद्धि र जीवनपर्यन्त सिकाइको संस्कृतिलाई पनि नयाँ गति दिन सक्छ ।

## चुनौती र तयारी

एआईले शिक्षामा नयाँ सम्भावना सिर्जना गरेको भए पनि यसको प्रभावकारी उपयोगका लागि नेपालले केही आधारभूत चुनौती पार गर्नुपर्ने छ । धेरै विद्यालयमा अझै पनि भरपर्दो इन्टरनेट, कम्प्युटर र डिजिटल उपकरणको पहुँच सीमित छ । सहरी ग्रामीण डिजिटल विभाजन र शिक्षकमा एआईसम्बन्धी सिप तथा तालिमको अभावले समान अवसर सुनिश्चित गर्न चुनौती थपेको छ । डिजिटल पूर्वाधार विस्तार, शिक्षकको क्षमता विकास, एआई साक्षरता र डिजिटल सिपमा योजनाबद्ध लगानी अपरिहार्य छ ।

नेपालको तयारीको अवस्था पनि अझ सुदृढ हुनुपर्ने देखिन्छ । अक्सफोर्ड इन्साइट्सद्वारा प्रकाशित 'सरकारी कृत्रिम बुद्धिमत्ता तयारी सूचकाङ्क २०२३' अनुसार नेपाल १९३ देशमध्ये १५० औँ स्थानमा रहेको छ । यो तथ्यले नीति, प्रविधि र पूर्वाधारका क्षेत्रमा अझ व्यापक सुधारको आवश्यकता स्पष्ट रूपमा देखाउँछ ।

एआईको बढ्दो प्रयोगसँगै डेटा गोपनीयता, शैक्षिक इमानदारी, नक्कल, गलत सूचना, एल्गोरिदमिक पक्षपात र एआईमा अत्यधिक निर्भरता जस्ता चुनौती पनि बढ्दै गएका छन् । विद्यालय र विश्वविद्यालयले एआई प्रयोगसम्बन्धी स्पष्ट नीति, नैतिक मापदण्ड र व्यवहारिक मार्गदर्शन विकास गर्नु पर्छ । एआईबाट अधिकतम लाभ लिन प्रविधिको प्रयोग विवेक, पारदर्शिता र जिम्मेवारीसाथ गर्ने संस्कृतिको विकास गर्नु आजको प्रमुख आवश्यकता हो ।

## बदलिँदो भूमिका

एआईको विकाससँगै शिक्षकको आवश्यकता घट्छ भन्ने धारणा कतिपयमा पाइन्छ तर वास्तविकता फरक छ । एआईले जानकारी दिन, सामग्री तयार गर्न वा उत्तर खोज्न सहयोग गर्न सक्छ । यसले विद्यार्थीलाई प्रेरित गर्न, नैतिक मूल्य सिकाउन, चरित्र निर्माण गर्न वा मानवीय सम्बन्ध विकास गर्न सक्दैन । एआईको युगमा शिक्षकको भूमिका झन् मह□वपूर्ण बन्दै गएको छ । अब शिक्षक केवल ज्ञान दिने व्यक्ति होइन, सिकाइका मार्गदर्शक, प्रेरक र सहयात्री बन्नुपर्ने छ । उनीहरूको मुख्य जिम्मेवारी विद्यार्थीलाई उत्तर दिने होइन, सही प्रश्न सोध्न, आलोचनात्मक रूपमा सोच्न, निरन्तर सिक्न र जिम्मेवार निर्णय गर्न सक्षम बनाउनु हुने छ ।

विद्यालय र विश्वविद्यालयले पनि समयको माग अनुसार आफ्नो भूमिका पुनर्परिभाषित गर्नु पर्छ । उनीहरूको उद्देश्य केवल डिग्री प्रदान गर्नु मात्र होइन, अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता र समस्या समाधानका केन्द्रका रूपमा विकसित हुनु पनि हो । त्यसका लागि उद्योग विश्वविद्यालय सहकार्य, परियोजनामूलक सिकाइ, अन्तरविषयक अनुसन्धान र स्टार्टअप संस्कृतिलाई प्राथमिकता दिन आवश्यक छ । आजको उच्च शिक्षाले विद्यार्थीलाई रोजगारी खोज्ने होइन, नयाँ अवसर पहिचान गर्ने र रोजगारी सिर्जना गर्न सक्ने क्षमता पनि विकास गराउनु पर्छ ।

## नेपाली भाषा र डिजिटल भविष्य

एआईको तीव्र विकाससँगै भाषा र सांस्कृतिक पहिचानको संरक्षण पनि मह□वपूर्ण विषय बनेको छ । अहिलेका अधिकांश एआई प्रणाली अङ्ग्रेजीमा आधारित भएकाले नेपाली तथा अन्य मातृभाषामा गुणस्तरीय डिजिटल सामग्री अझै पर्याप्त छैन । नेपाली भाषा, साहित्य, इतिहास र स्थानीय ज्ञानलाई डिजिटल रूपमा व्यवस्थित गर्न सकिएन भने भविष्यको ज्ञान आधारित विश्वमा हाम्रो उपस्थिति कमजोर हुन सक्छ ।

नेपाली भाषामा गुणस्तरीय डिजिटल सामग्री, खुला शैक्षिक स्रोत र अनुसन्धान सामग्री विकास गर्नु आवश्यक छ । स्थानीय ज्ञान र संस्कृतिलाई डिजिटल रूपमा सुरक्षित गर्दै एआईमैत्री बनाउने प्रयासलाई पनि प्राथमिकता दिनु पर्छ । यसले एआईलाई नेपाली समाजको आवश्यकता, भाषा र संस्कृति अनुसार उपयोगी बनाउन सहयोग पुऱ्याउने छ ।

## निचोड

आज एआई ज्ञानलाई विवेक, अनुसन्धान र नवप्रवर्तनमा रूपान्तरण गर्ने शक्तिशाली साधन बन्दै गएको छ । प्रख्यात शिक्षाविद् जोन डिवेले भनेका थिए, "हामीले आज पनि हिजोकै तरिकाले पढायौँ भने हामीले हाम्रा बालबालिकाको भविष्य लुटिरहेका हुन्छौँ ।" कृत्रिम बुद्धिमत्ताको युगमा यो भनाइ झन् सान्दर्भिक बनेको छ ।

एआईको उद्देश्य शिक्षकलाई प्रतिस्थापन गर्नु होइन, शिक्षण सिकाइलाई थप गुणस्तरीय, समावेशी र भविष्यमुखी बनाउनु हो । नेपालले डिजिटल पूर्वाधार, शिक्षकको क्षमता विकास, समयानुकूल पाठ्यक्रम, स्थानीय भाषामा डिजिटल सामग्री र एआईको नैतिक प्रयोगमा प्राथमिकता दिन सके ज्ञान, सिप र नवप्रवर्तनमा आधारित समृद्ध नेपालको निर्माणमा एआई महत्तवपूर्ण सहयात्री बन्न सक्छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ेगहरुको विशेषज्ञ डाक्टहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# ग्यासको अभाव छैन : आयल निगम



• टक नेपाल

नेपाल आयल निगमले बजारमा एलपी ग्यासको अभाव नरहेको स्पष्ट गर्दै उपभोक्तालाई आवश्यकता अनुसार मात्र ग्यास खरिद गर्न तर अनावश्यक भण्डारण नगर्न आग्रह गरेको छ।

निगमका प्रवक्ताद्वारा आज जारी विज्ञप्तिमा असार ३१ गतेको सञ्चालक समितिको निर्णयअनुसार १४.२ केजी क्षमताका एलपी ग्यास सिलिन्डरको बिक्री वितरणको व्यवस्था मिलाइएको जनाएको छ। हाल दैनिक मागअनुसार ग्यासको आपूर्ति भइरहेको भए पनि बजारमा ग्यास अभाव भएको भन्ने समाचार तथा जनगुनासोप्रति निगमको ध्यानाकर्षण भएको उल्लेख गरेको छ।

निगमका अनुसार १४.२ केजीका सिलिन्डरको बिक्री सुरुभएपछिबजारमाग्यास अभाव भएको भन्दै उपभोक्ता बाट गुनासो आउन थालेकाले सम्पूर्ण ग्यास उद्योग लाई बजारमा सहज आपूर्तिको व्यवस्था मिलाउन निर्देशन दिइएको सूचनामा जनाइको छ। घरायसी प्रयोजनका उपभोक्तालाई प्राथमिकतामा राखी खरिद कर्ताको नाम, ठेगाना र सम्पर्क नम्बर अभिलेख राखेर व्यवस्थित रूपमा बिक्री वितरण गर्न तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घरोगीलाई प्राथमिकता दिन पनि बिक्रेतालाई आग्रह गरिएको छ।

काठमाडौँ उपत्यकामा उच्च मागलाई मध्यनजर गर्दै निगमले शनिबारदेखि टेकुस्थित कार्यालयबाट नेपाल ग्यास, एलपी ग्यास, एसएच ग्यास, सुगम ग्यास तथा श्रीराम ग्यासका १४.२ केजीका सिलिन्डर बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित उद्योगमार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाएको जनाएको छ।

ग्यास प्राप्त गर्न समस्या भए निगमको हटलाइन नम्बर ०१-५९७१९०२ (कार्यालय समयभित्र) मा सम्पर्क गर्न पनि उपभोक्तासँग अनुरोध गरिएको छ।

निगमले एलपी ग्यासको आयात र बिक्री वितरण नियमित रहेको तथा आगामी दिनमा पनि निरन्तर रहने जनाएको छ। हाल मासिक औसत करिब ४७ हजार मेट्रिक टन ग्यास खपत हुने र मागअनुसार आपूर्ति भइरहेको उल्लेख गर्दै आकस्मिक माग वृद्धि हुन सक्ने सम्भावनालाई ध्यानमा राखी यस महिनाको आयात परिमाणसमेत बढाइएको जनाएको छ।

निगमका अनुसार साउन १ देखि १८ गतेसम्म जम्मा ३१ हजार ८६१ मेट्रिक टन एलपी ग्यास आयात भइसकेको छ। यस अवधिको आयातले आपूर्तिमा कुनै समस्या नरहेको देखिएकाले उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास खरिद गरी भण्डारण नगर्न आग्रह गरिएको छ।

निगमले काठमाडौँ उपत्यका बाहिर एलपी ग्याससम्बन्धी गुनासो वा जानकारीका लागि सम्बन्धित प्रादेशिक कार्यालय, शाखा कार्यालय तथा डिपोका सम्पर्क अधिकारीमार्फत सम्पर्क गर्न पनि उपभोक्तालाई अनुरोध गरेको छ। रासस

# सर्पले टोक्दा ६ वर्षीय बालकको मृत्यु

• टक नेपाल

सप्तरीको कञ्चनरुप नगरपालिका -४ जगतपुरमा सर्पको टोकाइबाट ६ वर्षीय बालकको मृत्यु भएको छ। छिमेकीको घरमा टेलिभिजन हेरिरहेका बेला स्थानीय श्यामलाल सदाका ६ वर्षीय छोरा कार्तिक सदालाई सर्पले टोकेको थियो।

मृतककी आमा फुद्री सदाका अनुसार मंगलबार बालकले आफूलाई केही वस्तुले टोकेको जानकारी गराएका थिए। घटनालगत्तै परिवारले उपचारका लागि कञ्चनपुर नगर अस्पताल लगेका थिए। अस्पताल पुग्नासाथ चिकित्सकले उहाँलाई मृत घोषित गरेका थिए। मृतक कार्तिक स्थानीय इन्टरनेशनल लक्की इङ्लिश स्कुलमा नर्सरी कक्षामा अध्ययनरत थिए।

## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने। ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने। घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने। अबिलम्ब चिकित्सा उपचार गराउने।

**सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ। त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस्।**

**बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी**

# ओभरलोड सवारीले सडक संरचना जोखिममा

• टक नेपाल



सडकको क्षमताभन्दा बढी भार बोक्ने मालवाहक सवारीका कारण प्रमुख सडक संरचनामा अर्बौं रुपैयाँ बराबरको क्षति पुगेको छ भार नियन्त्रण प्रणाली प्रभावकारी बन्न नसक्दा राष्ट्रिय राजमार्ग देखि स्थानीय सडकसम्म तीव्र रूपमा जीर्ण बन्दै गएको जनाइएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबासका अनुसार बीपी राजमार्ग, महेन्द्र राजमार्ग, बर्दिबास -जलेश्वर सडक, समसी-गौशाला तथा जनकपुर-भिट्ठामोड सडकमा ओभरलोड मालवाहक सवारीको चाप बढ्दै गएपछि भार नियन्त्रण अभियानलाई तीव्र बनाइएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबासका निरीक्षक बाबुराम कार्कीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा तोकिएको क्षमताभन्दा बढी भार बोकेका ३१ वटा मालवाहक सवारीमाथि कारबाही गरिएको छ। ती सवारी बाट सात लाख ९७ हजार ५५४ रुपैयाँ जरिवाना असुल गरिएको उहाँले जानकारी दिनुभयो।

ट्राफिक प्रहरीका अनुसार कारबाहीमा परेका कतिपय भारतीय मालवाहक ट्रकले ६० टनसम्म भार बोकेको पाइएको छ।

सडक डिभिजन कार्यालय जनकपुरका डिभिजनल इन्जिनियर दरोगा प्रसादका अनुसार मधेशका अधिकांश प्रमुख सडकको भारवहन क्षमता १०.२ मेट्रिक टन मात्रै छ। तर ती सडकमा गुड्ने मालवाहक सवारीले ५० देखि ६० टनसम्म सामान बोक्ने गरेको पाइएको छ।

उहाँका अनुसार तौलका आधारमा ढुवानी भाडा निर्धारण हुने भएकाले बढी आम्दानीको लोभमा चालक तथा व्यवसायीले सडकको भार क्षमता लाई बेवास्ता गर्दै अत्यधिक सामान लोड गर्ने गरेका छन्। यसको प्रत्यक्ष असर सडक, पुल तथा कल्भर्टमा परेको छ। अर्बौं रुपैयाँ खर्चेर निर्माण गरिएका पूर्वाधार समयअगावै क्षतिग्रस्त भइरहेका छन्।

ट्राफिक प्रहरीले ओभरलोड सवारीमाथिको कारबाहीलाई तीव्र बनाए पनि सीमा क्षेत्रमा रहेका भन्सारलगायत सम्बन्धित निकायबिच प्रभावकारी समन्वय हुन नसकेको देखिएको छ।

बीपी राजमार्गमा खटिएका ट्राफिक प्रहरीका अनुसार कतिपय चालकले भन्सार रसिद र प्रज्ञापनपत्र देखाउँदै ट्राफिकले रोक्न नमिल्ने दाबी गर्दै विवाद गर्ने गरेका छन्।

यातायात व्यवस्था विभागले जारी गरेको 'मालवाहक सवारीको भारवाहन नियमनसम्बन्धी निर्देशिका, २०७४' अनुसार तोकिएको तौलभन्दा २.५ प्रतिशतसम्म बढी भार भएका सवारीलाई सम्झाइबुझाइ गरी पठाइने र सो भन्दा बढी भार बोकेका सवारीलाई यातायात व्यवस्था कार्यालयमार्फत कारबाही गरिने व्यवस्था छ।

बर्दिबास ट्राफिकका अनुसार सबैभन्दा बढी ओभरलोड बोक्नेमा भारतीय मालवाहक ट्रक रहेका छन्। त्यसपछि ईंटा र काठ ढुवानी गर्ने सवारीको स्र्_या बढी रहेको ट्राफिक निरीक्षक कार्कीले बताउनुभयो।

ओभरलोड सवारीका कारण सडकमा खाल्डाखुल्डी बढ्दै गएको, दुर्घटनाको जोखिम उच्च भएको, ठुला सवारी बिच सडकमै बिग्रँदा घण्टौं सम्म ट्राफिक जाम हुने तथा हिलो र धुलोका कारण स्थानीय बासिन्दा र यात्रुले दैनिक सास्ती खेप्नुपरेको गुनासो बढ्दै गएको छ।

सडक डिभिजन कार्यालय र ट्राफिक प्रहरीले सडकको दीर्घकालीन संरक्षणका लागि मर्मतसम्भार मात्र पर्याप्त नहुने बताएका छन्। उनीहरूका अनुसार सीमानाका देखि नै ओभरलोड सवारीमाथि कडाइ, सम्बन्धित निकायबिच प्रभावकारी समन्वय र ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन भए मात्र समस्या समाधान हुन सक्छ।

# भ्रामक तथा उत्तेजक सामग्री पोस्ट गर्ने तीन जना नियन्त्रणमा

• टक नेपाल

सामाजिक सञ्जालमार्फत भ्रामक तथा उत्तेजक सूचना सम्प्रेषण गरेको आरोपमा सप्तरीमा तीन जनालाई नियन्त्रणमा लिइएको छ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले शाखा अधिकृत सन्तोष रायको संयोजकत्वमा 'ज्वाइन्ट अपरेसन सेल' गठन गरी सामाजिक सञ्जालमा भइरहेका यस्ता गतिविधिमाथि निगरानी बढाएको जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी नरेशकुमार यादवका अनुसार निगरानीका क्रममा भ्रामक सामग्री पोस्ट गर्ने तीन जनालाई नियन्त्रणमा लिइएको हो। तीमध्ये तिरहुत गाउँपालिका-४ डिमनका २३ वर्षीय जफिर मियाँ र रूपनी गाउँपालिका-१ का ३९ वर्षीय मुकेश यादवलाई सम्झाइबुझाइपछि छाडिएको छ।

यस्तै राजविराज नगरपालिका-६ का २० वर्षीय छोटुकुमार मेस्तरलाई आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा राखिएको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार हालसम्म सामाजिक सञ्जालमा उत्तेजक सामग्री पोस्ट गर्ने १० जनाको पहिचान गरिएको छ। छिन्नमस्ता गाउँपालिका-३ का आनन्द चौधरी, हनुमाननगर कङ्कालिनी नगर पालिका-१४ का रामकुमार महतो, राजविराज नगरपालिका-६ का २८ वर्षीय विशाल चौधरी, राजविराज-२ स्थित राजदेवी ड्राइभिङ सेन्टर का सञ्चालक ३५ वर्षीय आशिष यादव तथा सुरुङ्गा नगरपालिका-१० कदमाहाका दिनेशकुमार यादवले पोस्ट गरेका सामग्री हटाउन लगाइएको छ।

त्यस्तै, वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेका व्यक्तिहरूले पनि उत्तेजक सामग्री पोस्ट गरेको पाइएको प्रशासनले जनाएको छ। राजविराज नगरपालिका-७ घर भई हाल टर्कीमा रहेका सिनु साह तथा सुनसरीको हरिनगर गाउँपालिका-६ घर भई कतारमा रहेका २८ वर्षीय असिम अन्सारीले पनि यस्ता सामग्री पोस्ट गरेको प्रशासनको भनाइ छ।

पान नं. ६२१२१३९८६ दर्ता नं. ३५२१३२/८१/८२
खुशी मेडिकल हल एण्ड डायग्नोष्टिक सेन्टर प्रा.लि.
हाम्रा सेवाहरू :
9705446880 बर्दिबास-२, महोत्तरी 9705446881

## मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौं।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस्।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस्।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस्।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौं।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔं।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔं।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौं।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔं।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौं।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो।

- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौं।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौं।

**गौशाला नगरपालिका, महोत्तरी, मधेश प्रदेश**

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014